"कृषि पर्यटन र पूर्वाधार : समृद्ध चिङ्गाडको आधार"

# चिङ्गाड गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

अवलचिङ्गाड, कर्णाली प्रदेश, नेपाल

पत्र सं:२०७९/०८०
च.नं.:

मितिः २०७९/०६/४

**"एक सय दिने उपलब्धिहरु"**

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान २०७२ जारी भए पश्चात मुलुक समाजवाद उन्मुख व्यवस्थामा प्रवेश गरेको छ । संवैधानिक व्यवस्था बमोजिम मुलुकमा संघ, प्रदेश र स्थानिय तह गरी तिन तहको सरकारको व्यवस्था गरिएको छ । मिति २०७९।०१।३० गते भएको स्थानिय तहको निर्वाचन मार्फत जनताको उत्साहजनक सहभागिताबाट आफ्ना जनप्रतिनिधीहरु निर्वाचित गर्ने सुवर्ण अवसरलाई सदुपयोग गर्दै चिङ्गाडी जनताले हामी सम्पूर्ण जनप्रतिनिधीहरुलाई विश्वास गरी जनताको सेवा गर्ने अवसर दिनुभएको छ । मिति २०७९।०२।०९ गते शपथ ग्रहण पश्चात स्थानिय श्रोत साधन र समयको अधिकतम प्रयोग गरी जनताको सेवामा तल्लिन रहेको कुरा सर्वविधितै छ ।

हालसम्म तपशिल उपलब्धीहरु प्राप्त गर्नका लागि सहयोग गर्नुहुने सम्पूर्ण राजनितिक दलहरु, सामाजिक क्षेत्रमा क्रियाशिल संघ/संस्था, कर्मचारी, शिक्षक, बुद्धिजिवी, व्यापारी, पत्रकार, सुरक्षा निकाय लगाएत आम चिङ्गाड बासी जनसमुदायहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । साथै आगामी दिनहरुमा जनमुखि कार्यक्रमहरु कार्यान्वयनमा सम्पूर्ण पक्षको पूर्ण सहयोगको अपेक्षा सहित निरन्तर जनताको सेवामा अगाडी बढ्ने संकल्प गर्दछौं ।

धन्यवाद !

लाल ब. जि.सी
प्रवक्ता

चिङ्गाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अवलचिङ्, सुर्खेत
२०७३

# चिङ्गाड गाउँपालिका आ.ब २०७९।०८० को १०० दिनको प्रगति प्रतिवेदन:

बोधविक्रम जि.सी.
अध्यक्ष

## पृष्ठभुमीः

सुर्खेत जिल्लाको उत्तर पूर्वमा रहेको यो क्षेत्र अधिकांश भुभाग पहाडी क्षेत्रले बनेको छ । साविकका, रजेना,रानीवास,मटेला,अवलचिङ्ग,पाम्का गा.वि.स हरु मिलेर चिङ्गाड गाउँपालिका बनेको छ । तुलानात्मक रुपमा गोलो आकृती भएको यो गाउँपालिकाको अक्षांश २८° ३१' ५०" उत्तर देखि २८° ४३' ५०" उत्तर सम्म र देशान्तर ८१° ४४' ५१" पूर्व देखि ८१°५५' १४" पूर्व सम्म फैलिएको छ । हाल प्रस्तावित यस गाउंपालिकाको २०७८ सालको राष्टिय जनगणना अनुसार कुल जनसङ्ख्या १५ हजार ७ सय ५२ जना रहेकोमा पुरुष ७ हजार ४ सय ०५ जना र महिला ८ हजार ३ सय ४७ जनारहेका छन् । भने क्षेत्रफल १७०.१ वर्ग कि मि रहेको छ। पशुपालन तथा कृषिको उच्च सम्भावना रहेको यस गाउँपालिकामा जातिय रुपमा ब्राहमण,क्षेत्री,मगरहरुको बसोबास रहेको देखिन्छ । यस क्षेत्रका समुदायले नेपाली भाषालाई मातृभाषाको रुपमा प्रयोग गरेको पाईन्छ । यस क्षेत्रमा खेतीयोग्य जमिनका अतिरिक्त ठुलो भू-भाग जंगलले ढाक्नुका साथै भिरालो जमिनले बनेको हुँदा यस क्षेत्रका मानिसहरु जिपिकोपार्जनका लागि कृषि,पशुपालनका अतिरिक्त नोकरी व्यापार व्यावसायमा संलग्न रहेका छन् । अहिले पनि बाह्रै महिना सडक यातायातका पहुँच बाट बंचित यस क्षेत्रका समुदायको समथर जमिनको अत्यन्त अभाव रहेको छ। यस गाउँपालिकालाई ६ वटा वडाहरुमा विभाजन गरिएको छ । जसमा साविकको रजेना गा.वि.स. लाई वार्ड नं. १ ,रानीवास गा.वि.स.लाई वार्ड नं. २,मटेला गा.वि.स. लाई वार्ड नं. ३ र ४,अवलचिङ्ग गा.वि.स. लाई वार्ड नं. ५ र पाम्का गा.वि.स.लाई वार्ड नं. ६ मा विभाजन गरिएको छ । यस गाउँपालिकाको केन्द्रको रुपमा हाललाई साविकको अवलचिङ्ग गा.वि.स. हाल वार्ड नं. ५ लाई तोकिएको छ ।

चिङ्गाड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अवलचिङ्ग,सुर्खेत २०७३

बोधविक्रम जि.सी. अध्यक्ष

## नवनिवाचित जनप्रतिनिधिको १०० दिन कार्यकालको समिक्षा:

१.दोस्रो स्थानीय तह सदस्य निर्वाचन मिति २०७९।०१।३० गते सम्पन

२.मिति २०७९।०२।०२ गते अन्तिम मतपरिमाण घोषण भएको ।

३.मिति २०७९।०२।१८ गते कार्यापालिकाको महिला, दलित र अल्पसंख्यक पदको लागि निर्वाचन भइ गाउँकार्यापालिकाको र गाउँसभाको संरचना तयार ।

४.निर्वाचित गा पा अध्यक्ष गा पा उपाध्यक्ष तथा वडा अध्यक्ष लगाएत सदस्यहरुबाट सपथ ग्रहण तथा पदवाहालि भएको

५.गा पा अध्यक्षवाट पदवाहालि संगै चिङ्गाड अध्यक्ष नमुना विद्यालय कार्यकमको घोषण ।

६.मिति २०७९।०२। १९ गते पहिलो गाउ कार्यपालिकाको बैठक्

७.विभिन्न विषयगत समितिहरुको गठन ।

८.श्रोत अनुमान तथा सिमा निर्धारण समितिको बैठकबाट वजेट अनुमान निर्धारण वडा सिलिङ्ग लगाएत विषयगत शाखाका लागि बजेट सिमा निर्धारण । **कुल बजेट :रु ३९ करोड ३८ लाख ९६ हजार ८४० को आय अनुमान ।**

९.मिति २०७९।०३।१० गतेको लागि १२ औं गाउसभा आव्हान

१०.मिति २०७९।०३।०८ गते सम्म वडास्तरीय विषयगत समिति र विषयगत शाखाबाट सिमा निर्धारण बमोजिम योजना तथा कार्यकम बार्षिक योजना तथा कार्यकम तर्जुमा समितिमा पेश ।

११.मिति २०७९।०३।०९ गते एकिकृत बार्षिक योजना तथा कार्यकमको मस्यौदा तयारी गरी स्वीकृतको लागि कार्यापालिका बैठकमा पेश र स्वीकृत ।

१२.मिति २०७९।०३।१० गते १२ औ गाउँ सभाको बैठक प्रारम्भ

१३.सभा अध्यक्षवाट बार्षिक नीति तथा कार्यकम प्रस्तुत र सभाबाट स्वीकृत ।

१४.गापा उपाध्यक्षबाट आ.ब २०७९।०८० को लागि **कुल बजेट :रु ३९ करोड ३८ लाख ९६ हजार ८४० मा चालु २८ करोड ७६ लाख ६९ हजार मात्र र पुंजीगत तर्फ ९ करोड ५८ लाख ३० हजार र बचत रकम रु १ करोड ३ लाख ९७ हजार ८ सय ४० गरि सन्तुलित बजेट पेश ।**

बार्षिक बजेट तथा कार्यकम, आर्थिक, विनियोजन विधेयक प्रस्तुत र दफावार छलफलको लागि पेश र सभा स्थगन ।

चिङ्गाड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अवलचिङ्ग, सुर्खेत २०७३

विक्रम जि.सी. अध्यक्ष

१५.मिति २०७९।०३।२१ गते गाउँसभाको दोस्रो बैठक सुचारु र दफावार छलफल भई संसोधन सहित बार्षिक बजेट तथा कार्यक्रम स्वीकृत साथै विधायन,न्यायिक,लेखा र सुशासन समितिको गठन

१६.गा पा अध्यक्षबाट सभा समाप्त भएको ७ दिन भित्र बजेट खर्च गर्ने अख्तियारि प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान

१७.१५ दिन भित्र प्रमुख प्रशासकीय अधिकृतबाट विषयगत शाखा र वडा कार्यालयहरुलाई अख्तियारी प्रदान

१८.सुत्रमा वजेट तथा कार्यकम ईन्ट्रि रातो किताब निर्माण र छपाईको कममा ।

**प्राथामिकता प्राप्त क्षेत्रहरुः**

- पूर्वाधार तर्फः चिङ्गाड चक्रपथ, चिङ्गाड विद्युतिकरण
- शिक्षा क्षेत्र
- स्वास्थ्य तथा सरसफाई क्षेत्र
- कृषि र पशु
- सहकारी उद्योग उद्यमशिलता
- लैगिङ्ग समानता
- सुचना प्रविधि
- गरिवी निवारण

**अहिले सम्म गाउँकार्यपालिकाको बैठक**

- बैठक संख्याः ८ वटा
- निर्णय संख्याः८५
- निर्णय प्रक्रिया सर्वसम्बत

**कार्यापालिकाबाट गठित समितिः**

संख्याः१५ वटा ५ वटा विषयगत,स्रोत अनुमात तथा बजेट सिमा निर्धारण,राजश्व परामर्श, वार्षिक बजेट तथा कार्यक्रम अनुगमन तथा सुपरिवेक्षण, गाउँ शिक्षा समिति, विपद् व्यवस्थापन समिति, भु उपयोग कार्यन्वयन समिति, सामुदायिक भवनहरुको अध्ययन समिति,पालिका स्तरीय भुमिहिन

सुकुम्बासि अव्यवस्थित सहजिकरण समिति,स्थानीय जलस्रोत एंव पालिका स्तरीय बृहत्त खानेपानी व्यवस्थापन समिति

कार्यदलः१न्यूनतम दररेट निर्धारण कार्यदल

<u>कार्यपालिकाकाबाट स्वीकृत ऐन तथा कार्यविधि,योजना रणनितिः</u>

१ करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७४ दोस्रो संसोधन

२ शिक्षा ऐन,२०७५ (पहिलो संसोधन)

३ टोलविकास संस्था (गठन तथा संचालन),२०७९ कार्यविधि

४ विषयगत समिति कार्यसंचालन कार्यविधि,२०७९

५ सार्वजनिक जवाफदेहिता कार्यविधि,२०७९

६ मिलमेलाप केन्द्र संचालन कार्यविधि,२०७९

७ शैक्षिक योजना २०७८।०८८

८ बार्षिक योजना तर्जुमा दिग्दर्शन

९ लैगिङ्ग समनता तथा सामाजिक सामावेशिकरण रणनिति,२०७९

१०.कृषि तथा पशुसेवा सम्बन्धि कार्यक्रम संचालन कार्यविधि,२०७६ पहिलो संसोधन

- <u>कार्यापालिकाका महत्वपूर्ण निर्णयहरुः</u>

१.कार्यपालिकाका निर्णयहरु सार्वजनिकरण गर्ने ।

२करार कर्मचारीहरुको व्यवस्थापन र सेवा सुविधा सम्बन्धमा।

३.जनसहभागितामा ३० प्रतिशतबाट १५ प्रतिशतमा कायम गरिएको (निर्माण कार्यमा)

४.वडा कार्यालयलाई बार्षिक रु २ लाख चालु खर्च विनियोजन

५.कर्मचारीहरुको खटनपटन

६.महत्वपूर्ण ठेक्का आयोजनाहरुको म्याद थप

- हेल्भेटास नेपालसंग साझेदारीमा संचालित खानेपानी तथा आयोजनाहरु
- १ नं वडा कार्यालय भवन निर्माण

- जनता मा वि भवन निर्माण
- ६ नं वडा कार्यालय भवन निमार्ण
- अवलचिङ्ग पाम्का गार्सा सडक निर्माण तथा स्तरउन्नति
- आ.ब २०७९।०८० को लागि मुख्यमन्त्री रोजगार कार्यक्रमको योजनाहरु सिफारिस

वडा नं १

एकता ग्रामीण महिला कृषि सहकारी भवन निर्माण रु १० लाख

गोगने भलिम च्यारकुले मजुवा खोला सडक निर्माण तथा मर्मत रु ३० लाख

क्षेत्रवाज सहकारी पाखापानी सडक निर्माण रु १० लाख

वडा नं २

माथिल्लो रहकुल विद्यालय घेरावार तथा शौचालय निर्माण रु १० लाख

काँडापोखरी स्वास्थ्य इकाइ भवन निर्माण रु १५ लाख

पाठो काट्ने पारी लेख काउले सडक निर्माण रु १५ लाख

वडा नं ३

ने रा मा वि धौलाचाख चौर घेरावार रु २० लाख

नेरा मा वि काडा घुवानी घेरावार तथा फिल्ड निर्माण रु २०

चोचे ढुङ्गा गलेमारे डिम्र सडक मर्मत रु १० लाख

चिङ्गाड खोला ठाटी बजार पुल नजिक २०० मिटर मेसिनरी वाल निर्माण रु २५ लाख

वडा नं ४

मालिका पद मार्ग रु ४० लाख

घोडालोटे परिवन सडक निर्माण रु १२ लाख

पातिकाल्ला अवलजोगाड ठाटी गोरेटो वाटो निर्माण रु ३ लाख

वडा नं ५

सावद टोल जुम्ली पोखरी गोरेटो बाटो निर्माण रु २० लाख

विउरेखोली चदर्के सडक मर्मत योजना रु २० लाख

गर्चाखोला भाटगाउँ गोरेटो बाटो निर्माण रु १० लाख

वडा नं ६

वडा स्तरीय खेलकुद फिल्ड निर्माण रु २० लाख

चिङ्गाड वेततडा तटबन्धन तथा सिचाई योजना रु २० लाख

पोखरीडाडा वडा कार्यालय सिम हुदै चिङ्गाड खोला सडक मर्मत रु १० लाख

८.चिङ्गाड खोला नदिजन्य पदार्थको उत्खन्न तथा विक्रि वितरण

९. मदिरा जन्य विक्रिवितरण सेवन र कारवाहि सम्बन्धमा

१०.करारमा जनशक्ति व्यवस्थापन गर्न विज्ञापन गर्ने

११.असोज महिनाभित्र विजुलि बाल्नकालागि TOD मिटर खरिद गर्न ग्रामिण विधुत्तियकरणलाई १५ लाख अनुदान

१२.पालिकाको गौरवको रुपमा रहेका महत्वपूर्ण आयोजनाहरुलाई DPR गर्ने सिफारिस ।

- चिङ्गाड खोला तटबन्धन गुरुयोजना निर्माण
- चिङ्गाड चक्रपथ
- गाउँपालिका स्तरीय पर्यटकिय गुरुयोजना निर्माण
- चिङ्गाड गाउँपालिका गाउँ वस्तुस्तिथि विवरण परिमार्जन
- ५ वर्ष गाउँपालिका अवघिक योजना निर्माण
- कार्यालयको संगठन तथा सर्वेक्षण
- भुउपयोग कार्ययोजना निर्माण तथा कार्यान्वयन
- इन्द्रेणी मा वि गोगने भवनको
- ठाँटीबजार अवलघुवानी मौलाहाले सडक
- काडापोखरी अवलगान्द्रा शिवालय जाजरकोट सम्म जोड्ने सडक
- २ नं वडा कार्यालय भवन
- ४ नं वडा आधारभुत स्वास्थ्य केन्द्र

१३.१२० मिटरका २ वटा झोलुङ्गे पुल निर्माणका लागि जिल्ला समन्यव  समिति संग बजेटमाग सहित सिफारिस

- राजिकुना मुलखेत वडा नं २ र ५ जोड्ने
- चोचेढुङ्गा पटारा वडा नं ३ र ४ जोड्ने

१४.रु. ५ लाख सम्मका आयोजनाहरुको अनुगमन गरि प्रतिवेदन गर्ने अधिकार वडा कार्यालयलाई प्रदान गर्ने।

१५. तिन वटा गैर सरकारी निकायहरुको प्रस्तावित साझेदारी कार्यक्रम स्वीकृत ।

- हेल्भेटास नेपालको एकिकृत जलश्रोत व्यवस्थापन अन्तरगत खानेपानी तथा सरसफाइ योजना तथा कार्यक्रम
- नेप्सकोन सुर्खेतको सुधारिएको चुलो कार्यक्रम
- पालिका रेडियो प्रसारण कार्यक्रम

- <u>कार्यक्रमहरुः</u>

- २ दिने प्र अ र वि व्य स क्षमता विकास कार्यक्रम सम्पन र प्रतिवद्धता जारी
- करार कर्मचारी/शिक्षकहरुसँग पालिकास्तरीय १ दिने अन्तरक्रिया
- भुमि आयोग नेपालसँग सम्झौता भई भुमि एकाई गठन, लगत संकलन सुचारु।
- ७ दिने  सहकारी संचालन तथा व्यवस्थापन सम्बन्धि तालिम सम्पन।
- ३ दिने महिला उद्यघोषण क्षमता विकास तालिम सम्पन।
- २ दिने महिला तथा बालबालिका समुह समितिका पदाधिकारीहरु विच अन्तरक्रिया कार्यक्रम।

- अपाङ्ग बाल अस्पातल तथा पुनस्थान केन्द्र बनेपा काभ्रेको शारिरिक अपाङ्गता परीक्षण घुम्ति शिविर संचालनका लागि आवश्यक सहजिकरण र समन्वय
- उपाध्यक्ष सुत्केरी भेटघाट कार्यक्रम
- बन्द रहेको सामुदायिक स्वास्थ्य ईकाइ ढाँडखेत र रहकुल संचालन
- सुत्केरीलागि निशुल्क एम्बेलेन्स संचालन। (वडा नं ३ र ४)

- कार्यालयको उर्जा व्यस्थापनका लागि सोलार प्रणाली जडान
  सम्पूर्ण कृषक/पशु फर्म/ समुहहरुको नविकरण र सुचिकृत
- कृषि क्षेत्र विकास कार्यक्रम संग सम्झौता अन्तरक्रिया
- पशु पन्छि उत्पादन तथ्याङ्क संकलन
- गाउँपालिकाको केन्द्र र १५ शैया अस्पातल वारे प्रक्रिया अगाडि बढाउने काम
- बार्षिक निति कार्यक्रम तथा बजेटमा अन्य महत्वपूर्ण योजना कार्यक्रम समावेश रहेका

**समस्या र चुनौतीः** पहिचान

१ भौगोलिक विकटता ।

२.संघीय तथा प्रादेशिक वित्तिय अनुदान कमी हुनु ।

३.आन्तरिक आयको स्रोतको कमी साथै राजश्व परिचालन प्रभावकारी हुन नसक्नु।

४.संघ र प्रदेशका आयोजनहरुको कार्यान्वय गर्ने निकाय सँग समन्वयको अभाव।

५.ईन्टरनेट सेवा प्रभावकारी हुन नसक्नु ।

६.जनप्रतिनिधि र कर्मचारी विचको सम्बन्ध समन्वायत्मक हुन नसक्नु ।

७.उपभोक्ता समितिहरुमा व्यवसायिक प्रवृति हावि हुनु।

८.कर्मचारीको अभाव।

९ सबै सडकहरु कच्ची हुनु।

१० खानी उद्योग कलकारखाना स्थापना गर्न कठिनाई।

११ साँस्कृति तथा धार्मिक सम्पदाको संरक्षण सम्वद्धन र बिकासमा स्थानीय तह र सरोकारवालाको ध्यान नजानु ।

बोधविक्रम जि.सी.
अध्यक्ष

माथि उल्लेखित समस्याहरु र चुनौतिहरु समस्याका लागि तपसिलका सुझावहरु कार्यान्वयन गर्न आवश्यक छ।

१.आफ्नो अधिकार सुचिभित्रका विषयमा कानुन निर्माण गर्ने ।

२.राजनीतिक र प्रशासन विचको अन्तरसम्बन्धमा सुदृढीकरण गर्ने।

३.पालिकाको क्षेत्र भित्र करका नयाँ क्षेत्रहरुको पहिचान गर्ने।

४.सार्वजनिक सेवाप्रभावलाई Effeetive, Economy र ICT बनाउने ।

५.गुणस्तर पूर्वाधार निर्माण गर्ने।

६.अन्य पालिकाका राम्रो कार्यको Sharing गर्ने।

७.सुचकका आधारमा,ICT based र सहभागीतामुलक अनुगमन मूल्याङ्कन प्रणालीको विकास गर्ने ।